जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २३० पृष्ठः ४ | २०८२ पुस २० आइतबार (Sunday 04 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## चुरे क्षेत्रको गाउँमा जंगली हात्तीको तोडफोड, पाँच घरमा क्षति



**मणिलाल विश्वकर्मा**

लहान, १९ पुस। चुरे क्षेत्रमा पर्ने सिराहाको लहान नगरपालिका १६ आरिदमार गाउँमा शुक्रबार राति चारवटा जंगली हात्तीको समूहले तोडफोड गरेको छ। खाना खाइवरी सुत्ने तर्खर गरिरहेका बेला राति करिब ९ बजेतिर एक्कासि समूहमा आएको जंगली हात्तीले स्थानीय पाँचजनाको घर तोडफोड गरेको छ। लहान १६ का वडाध्यक्ष गडुलबहादुर जर्घामगरका अनुसार हात्तीको समूहले स्थानीय भुपाल मगर, जालबहादुर थापा, भक्तबहादुर नामजाली, रामबहादुर मगर, गोपाल थापामगरको घर तोडफोड गरी अन्नपात खानुका साथै करेसाबारीमा लगाएको तरकारी बाली नष्ट गरेको छ।

'हात्तीको समूहले सबैभन्दा बढी जालबहादुर, भुपाल र भक्तबहादुरको घरमा क्षति पुर्याएको छ,' उनले भने, 'हात्तीको समूह गाउँ पसेपछि रातभर गाउँलेहरू जाग्राम बसेका छन्।' गाउँमा घर तोडफोड, अन्नपात खाएपछि हिंडेको हात्तीको समूह अहिले आरिदमारदेखि उत्तर मफेली बेतहा जंगलमा रहेको उनले बताए। उनका अनुसार बिहान करिब ९ बजेतिर लहानस्थित डिभिजन वनका सशस्त्र वनरक्षकसहित जनपद र सशस्त्र प्रहरी बलका प्रहरीहरू आरिदमार गाउँ पुगेका छन्।

**हात्तीलाई नचलाऔँ : डिभिजन वन**

हात्तीको प्राकृतिक बासस्थान मासिँदै गएकाले वेला वेलामा समूह बनाएर जंगली हात्ती गाउँ पस्ने गरेको डिभिवन वन कार्यालय लहानका प्रमुख शैलेन्द्रकुमार मिश्रले बताए। 'चुरे क्षेत्रको जंगल क्षेत्र जंगली हात्तीको प्राकृतिक करिडोर हो,' उनले भने, 'त्यस करिडोरमा पनि बाधा व्यवधानको महसुस भएपछि मात्र हात्ती गाउँ पस्ने हो।' हात्तीको समूह जंगल क्षेत्रमा रहेकाले उसलाई नचलाउन आग्रह गर्दै आफैँ आफ्नो गन्तव्यतिर जाने उनले बताए। 'त्यसलाई बिच्क्याउनु हुँदैन,' उनले भने, 'झन् आक्रोशित भएर मानव बस्तीमा पसेर थप मानवीय र भौतिक क्षति पुऱ्याउन सक्छ।' प्रायः हरेक वर्ष हिउँदमा जंगली हात्तीको समूहले सिराहाको उत्तरी क्षेत्रमा पर्ने गाउँ बस्तीहरूमा पसेर तोडफोडसहित आतंक मच्चाउने गरेको छ।

## असहाय ज्येष्ठ नागरिक र एकल महिलालाई सिरक वितरण



सिरहा, १९ पुस। सिरहाको लहान नगरपालिकाले चिसो मौसमलाई मध्यनजर गर्दै ४५ जना असहाय ज्येष्ठ नागरिक तथा एकल महिलालाई फाइबर सिरक वितरण गरेको छ। स्नेह वृद्धाश्रम लहानको सहजीकरणमा आयोजित कार्यक्रममा नगरप्रमुख महेशप्रसाद चौधरीले सिरक वितरण गरे। नगरप्रमुख चौधरीले भने, "चिसोका कारण कुनै पनि ज्येष्ठ नागरिक कष्टमा नपरुन् भन्ने उद्देश्यले नगरपालिकाले सिरक वितरणलाई निरन्तरता दिँदै आएको छ। असहाय र विपन्न वर्गको संरक्षण हाम्रो प्राथमिकता हो।"

उनका अनुसार यसअघि पनि दलित बस्ती तथा विपन्न समुदायमा सयौँ थान फाइबर सिरक वितरण गरिसकिएको छ। वितरण कार्यक्रममा स्नेह वृद्धाआश्रमकी अध्यक्ष रीता महतो, सचिव अशोक महतोलगायतको उपस्थिति थियो। सो अवसरमा अध्यक्ष महतोले लहान नगरपालिकाका २४ वटै वडाबाट

–बाँकी तीन पेजमा

## भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।

- मौलिक संस्कृतिको रक्षा गरौं।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- मातृभाषाको सम्मान गरौं।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- आधुनिकता र प्रविधिसँगै आ नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## विकृति भित्र्याउने गतिविधिमा रोक्ने प्यावसन सिरहाको निर्णय




जीवछ यादव

लहान, १९ पुस। निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्यावसन) सिरहाले सरस्वती पूजाको नाममा भित्रिएको विकृतिमा यस वर्षदेखि रोक लगाउने निर्णय गरेको छ। सांस्कृतिक कार्यक्रम तडकभडकको साथ गर्न नहुने, ध्वनि प्रदूषण गराउने डिजे साउन्ड र होर्न बजाउन नहुने, विद्यालय पोशाक बाहेक रङ्गीचङ्गी पोशाकमा सरस्वती पूजाको दिन रोक लगाउने र सरस्वती पूजाको नाममा कुनै किसिमको चन्दा उठाउन नपाउने निर्णय गरिएको प्यावसन सिरहाका अध्यक्ष उमेश चौधरीले जानकारी गराए।

सरहामा रहेका १६२ प्यावसन आवद्ध विद्यालय र एक सयको हाराहारीमा रहेको एन प्यावसन संस्थागत विद्यालयमा विगतका वर्षमा सरस्वती पूजाको नाममा उठाउने चन्दा, सांस्कृतिक कार्यक्रम भड्किलो

–बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

## सिरहा क्षेत्र नं. ३ बाट एमालेका श्रेष्ठ एकल सिफारिस



सिरहा, १९ पुस। फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सिरहा निर्वाचन क्षेत्र नम्बर ३ बाट नेकपा एमालेलको केन्द्रीय सदस्य तथा मधेस प्रदेश इन्चार्जसमेत रहेका पूर्वकानुन मन्त्री लीलानाथ श्रेष्ठलाई एकल उम्मेदवारका रूपमा सिफारिस गरेको छ। शनिबार

–बाँकी तीन पेजमा

## सम्पादकीय

# भाषिक सांस्कृतिक अस्तित्वमा संकट

अहिले सञ्चारका लागि प्रयोग भइरहेको भाषाको शब्द चयन र लेखन शैलीलाई गम्भीरतापूर्वक हेर्ने हो भने नेपाली समाजको भाषिक सांस्कृतिक क्षय भइरहेको देखिन्छ। यस्तै प्रवृत्ति अरू केही वर्ष निरन्तर रह्यो भने नेपाली भाषा र संस्कृति लोपोन्मुख कोटीमा पुग्न सक्छ। हुनत, रहस्यमय सामाजिक सञ्जालमा मतदान गरेर शासक चयन गर्ने दन्त्यकथाको राक्षस राजु सम्झाउने कालखण्डमा भाषा, संस्कृतिको उत्थान, पतनका लागि पनि (अ) सामाजिक सञ्जालु नै निर्णायक हुनु आश्चर्य पनि होइन। आसन्न सङ्कटप्रति राज्य र समाज बेलैमा सजग नहुनु भने चिन्ताको विषय हो।सामाजिक सञ्जालमा देखिएको राजनीतिक अराजकता कुन हदसम्म पुग्न सक्छ भन्ने त भदौ २३ र २४ मै देखिसकिएको छ। त्यससँगै गुजुल्टिएको अराजक भाषिक उन्मादले नेपाली भाषाको अस्तित्वमै प्रहार गर्न सक्छ। अर्थात्, पछिल्ला वर्षहरूमा फैलिएको अराजकताका कारण नेपालको सामाजिक सांस्कृतिक जीवन नै क्षयोन्मुख अवस्थामा पुगेको देखिन्छ।

राजनीति समाजको दिशानिर्देशक शक्ति हो। तर यही शक्ति संकीर्ण स्वार्थ, सत्ता मोह र दलीय हैकमको उपकरण बन्दा त्यसको असर राज्य संयन्त्रका साथै समाजको मूल्य, संस्कार र संस्कृतिमा पनि पर्न जान्छ। नेपालमा पछिल्ला वर्षहरूमा देखिएको ह्रासोन्मुख प्रवृत्तिले यही कटु यथार्थ उजागर गरिरहेको छ। राजनीतिक विमर्शमा समाजलाई जोड्ने साझा मूल्यभन्दा विभाजन र विखण्डनलाई प्राथमिकता दिइएको देखिन्छ। राजनीतिक रूपमा स्थापित हुन चाहनेहरूले जात, क्षेत्र, धर्म र पहिचानलाई राजनीतिक मोलतोलको साधन बनाउँदा सामाजिक सहिष्णुता कमजोर बन्दै गएको छ।

राजनीतिक नेतृत्वले आफ्ना समर्थक समूह निर्माण गर्न अनर्गल प्रचारवाजी र घृणाको स्वर उराल्दा शताब्दियौँदेखि सहअस्तित्वमा रहेका समुदायबीच अविश्वास बढेको छ। यसले बिस्तारै नेपाली समाजको बहुसांस्कृतिक सौन्दर्य कमजोर बनाउँदै लैजान्छ। शाब्दिक हिंसाले पनि बढाउने त घृणा र वितृष्णा नै हो। सामाजिक सञ्जालहरूबाट राजनीतिमा उदाएका रहस्यमय पात्रहरूलाई घृणा र उत्तेजनाको खेती अहिले निकै फलदायी पनि हुनपुगेको देखियो। तर, बिस्तारै तिनले रोपेको घृणा र वितृष्णाको विषवृक्षमा लाग्ने फल उनीहरूले पनि चाख्नुपर्ने हुनसक्छ। त्यति बेला राजनीतिमात्र होइन भाषिक र सांस्कृतिक अराजकता समाल्न नसकिने अवस्थामा पुग्नेछ। यसैले नागरिक चेतनालाई नै खलबल्याउने गरी भइरहेको अहिले भाषिक हिंसा र अराजकता नियन्त्रण गर्न समाजकै अगुवाहरूको ध्यान जानुपर्छ। अवसरवाद र मूल्यहीन राजनीतिका साथै हुर्काइएको अराजतकताले युवापुस्तामा आफ्नै समाज र संस्कृतिप्रति वितृष्णा पैदा गराएको छ। यो सामाजिक सांस्कृतिक क्षयको भयावह उदाहरण हो।

नेपालले थप राजनितिक संकट धान्न नसकेजस्तै भाषिक र सांस्कृतिक क्षय पनि सहन सक्तैन। सम्भवतः नेपाली समाजको नैतिक पुनरुत्थानको लागि अब भाषिक सांस्कृतिक पुनर्जागरणको अभियान नै चलाउनु आवश्यक छ। मूल्य, मर्यादा र भाषिक सांस्कृतिक आत्मा जोगाउन सकेमात्र नेपाली समाजको पुनर्जागरण हुनसक्छ।

## विकृति भित्र्याउने

र खर्चिलो साथै चर्को स्वरमा अश्लिल गीत नृत्य समेतको सांस्कृतिक कार्यक्रमको आयोजना गर्दै आइएको थियो। यसले अभिभावकहरुलाई थप आर्थिक भार पर्नुका साथै बलात्कारको घटना समेत घटेकाले यस वर्षदेखि सरस्वतीपूजाको नाममा भित्रिने विकृतिहरुलाई पहिचान गरी रोक लगाउने निर्णयमा पुगेको उनले बताए।

लहान नगरपालिकामा रहेका ५९ वटा सामुदायिक विद्यालय र १०५ वटा संस्थागत विद्यालयमा सरस्वती पूजाको नाममा कुनै किसिमको चन्दा संकलन, सांस्कृतिक कार्यक्रममा डिजेको प्रयोग र विद्यालय पोशाक बाहेकका अन्य पोशाकमा विद्यार्थीहरुको उपस्थिति नगराउने निर्णय भएको छ। लहान नगरपालिका शिक्षा शाखाले विद्यालयहरुलाई सूचना नै जारी गरेको अवस्थामा लहान नगरपालिकाको निर्णयलाई सहयोग पुग्ने गरी प्यावसन सिरहाले गरेको निर्णय स्वागतयोग रहेको शिक्षा संयोजक समेत रहनुभएको लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले बताए।

सरस्वती पूजाको दिन लहानमा शान्ति सुरक्षा चुनौपूर्ण बनिरहेको गत विगतको तथ्याङ्कले देखाएको इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी उपरीक्षक कैलाश राईले बताए। 'यस वर्ष लहान नगरपालिका र प्यावसन सिरहाले गरेको निर्णयले सरस्वती पूजा शान्तिपूर्वक हुनेमा विश्वस्त छौँ,' उनले भने।

लहान -११ स्थित श्री जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक वीरेन्द्रकुमार यादवले सरस्वती पूजालाई शान्ति पूर्ण रुपमा सम्पन्न गर्न प्यावसन सिरहाको निर्णय स्वागतयोग्य भएको बताए।

# अभिव्यक्ति स्वतन्त्रता कि डिजिटल अराजकता

–धर्मराज तिमिल्सीना

**राष्ट्र केवल नक्सामा सीमित हुँदैन**

राष्ट्र केवल भौगोलिक सीमाले मात्र निर्माण हुँदैन। राष्ट्र भनेको साझा इतिहास, सामूहिक चेतना, राष्ट्रिय स्वाभिमान, सार्वभौम अधिकार, सांस्कृतिक पहिचान र भौगोलिक अखण्डताको समष्टि हो। जबसम्म नागरिकको मनमा राष्ट्रप्रतिको सम्मान जीवित रहन्छ, तबसम्म कुनै बाह्य शक्तिले त्यो राष्ट्रलाई सजिलै परास्त गर्न सक्दैन। तर इतिहासले देखाएको छ जब राष्ट्र भित्रैबाट कमजोर बनाइन्छ तब बाह्य आक्रमण आवश्यक नै पर्दैन। आज २१औँ शताब्दीमा युद्धको स्वरूप बदलिएको छ। अब बन्दुक र मिसाइल मात्र हतियार होइनन्। सूचना, भ्रम, अफवाह, भावनात्मक उत्तेजना र डिजिटल प्लेटफर्महरू आधुनिक युद्धका सबैभन्दा प्रभावकारी हतियार बनेका छन्। यही सूचना युद्धको चपेटामा आज नेपाली समाज पनि पर्दै गएको छ। केवल नक्सामा सीमित हुँदैन।

**आम सञ्चार माध्यम राष्ट्र निर्माणको औजार कि राष्ट्र ध्वस्त पार्ने हथौडा ?**

आम सञ्चार माध्यम लोकतन्त्रको चौथो स्तम्भ हो भन्ने कथन सत्य हो। यदि त्यो जिम्मेवार, तथ्यमा आधारित र राष्ट्रिय हितप्रति संवेदनशील रह्यो भने। तर आज वास्तविकता फरक छ।

जब सञ्चार माध्यम केवल लाइक, भ्युज, सेयर र आर्थिक लाभको पछाडि दौडिन्छ, तब त्यसले राष्ट्र निर्माणको काम गर्दैन। बरु राष्ट्र ध्वंसको औजार बन्न पुग्छ। नेपालमा यसको प्रत्यक्ष उदाहरण देख्न सकिन्छ। समाचारभन्दा पहिला सनसनी, तथ्यभन्दा पहिला ट्रेन्ड, सत्यभन्दा पहिला भ्युज, जिम्मेवारीभन्दा पहिला आम्दानी। नजाँच, नपुष्टि, न जवाफदेहितामा आधारित "ब्रेकिङ न्युज" शब्द नै विकृत बन्दै गएको छ। यसरी भावनामा खेल्ने शीर्षकले सत्यको स्थान लिँदै, समाजमा भ्रम र अविश्वासको बीउ रोपिरहेको छ।

**डिजिटल प्लेटफर्म : अभिव्यक्तिको स्वतन्त्रता कि अराजकताको खुला मञ्च**

युट्युब, टिकटक, फेसबुक, एक्स (ट्विटर) जस्ता डिजिटल प्लेटफर्महरूले नागरिकलाई बोल्ने अधिकार दिएका छन् र यो लोकतन्त्रका लागि एउटा सकारात्मक उपलब्धि हो। तर समस्या स्वतन्त्रतामा होइन, स्वतन्त्रताको साथ जिम्मेवारीको अभावमा छ। आज सामाजिक सञ्जालमा अपुष्ट सूचना तोडमोड गरेर प्रस्तुत गरिन्छ, अधुरो सत्यलाई सम्पूर्ण सत्य झैँ देखाइन्छ, अफवाहलाई समाचारको आवरण दिइन्छ, राज्य, संविधान, सेना, न्यायालय र अन्य संस्थामाथि निरन्तर अविश्वास फैलाइन्छ र नेतृत्वको आलोचनालाई घृणा र गालीमा रूपान्तरण गरिन्छ। यी सबै कार्यहरू अभिव्यक्ति स्वतन्त्रताको नाममा भइरहेको भए पनि, वास्तविकता यस्तो छ यी डिजिटल अराजकता र सामाजिक विभाजनका नमूना हुन्, जसले राष्ट्र र समाजको आधारलाई कमजोर पार्ने खतरा बोकेका छन्।

**लाइक, भ्युज र आम्दानी राष्ट्रभन्दा माथि व्यापार ?**

आज केही युट्युबर, टिकटकर, कन्टेन्ट क्रियटर र तथाकथित मिडिया कर्मीहरूका लागि राष्ट्र, समाज र दीर्घकालीन भविष्यभन्दा ठूलो प्राथमिकता मोनिटाइजेसन बनेको छ। जति विवाद उति भ्युज, जति नकारात्मकता उति सेयर र जति घृणा उति आम्दानी भन्ने विकृत सूत्रले डिजिटल संसार चलाइरहेको देखिन्छ। यस प्रक्रियामा राष्ट्रविरोधी भावना नै व्यापारिक सामग्रीमा रूपान्तरण भएको छ राज्यलाई गाली गर्नु, संस्थालाई असफल र कमजोर देखाउनु, जनतालाई निराश र आक्रोशित बनाउनु आजका "ट्रेन्डिङ कन्टेन्ट" का मुख्य विषय बनेका छन्। तर यहाँ गम्भीर नैतिक प्रश्न उभिन्छ राष्ट्रको आत्मबल कमजोर पारेर, सामाजिक विश्वास भत्काएर र भविष्यप्रति निराशा फैलाएर कमाइएको आम्दानी के वास्तवमै जायज र नैतिक हुन सक्छ ?

**भ्रमको आगो : युवापुस्तामाथिको सुनियोजित आक्रमण**

युवा पुस्ता कुनै पनि राष्ट्रको मेरुदण्ड हो, तर आज यही मेरुदण्डलाई सूचना युद्धले क्रमशः कमजोर पार्दैछ। निरन्तर नकारात्मक, विकृत र भ्रमपूर्ण सामग्रीले युवामनमा देशप्रति घृणा रोप्छ, राष्ट्रिय पहिचानप्रति हीनभावना विकास गराउँछ र लोकतान्त्रिक प्रक्रियालाई बेकार जस्तो देखिन बाध्य बनाउँछ। यसकै परिणामस्वरूप हिंसा, अराजकता र असंवैधानिक सोच सामान्य व्यवहारझैँ स्वीकारिन थाल्छ। आज धेरै युवा यो देशबाट केही हुँदैन, सबै संस्था फेल छन् र कानुन काम लाग्दैन भन्न थाल्नु स्वाभाविक संयोग होइन। यी विचार आफैं उत्पन्न भएका होइनन्, बरु निरन्तर र योजनाबद्ध रूपमा खुवाइएका डिजिटल कथनहरूको प्रतिफल हुन्। यदि यही प्रवृत्ति रोकिएन भने राष्ट्रको भविष्य नै निराशा र अस्थिरताको दलदलमा फस्ने खतरा गम्भीर बन्दै जानेछ।

**सूचना युद्ध : बन्दुक नचलाइकन जलाइँदै गरेको भविष्य**

इतिहास साक्षी छ। सोभियत संघ, युगोस्लाभिया, लिबिया, सिरिया जस्ता राष्ट्रहरू बाह्य आक्रमणबाट होइन, त्यसअघि नै आन्तरिक भ्रम, अविश्वास र विभाजनको विषले कमजोर पारिएका थिए। आज नेपालमा पनि उही खतरनाक प्रक्रिया क्रमशः दोहोरिँदैछ, जहाँ सबै नेता चोर, सबै संस्था बेकार, संविधान काम लाग्दैन र देश नै असफल जस्ता कथनहरूलाई सत्यझैँ स्थापित गरिँदैछ। जब नागरिक आफैंले आफ्ना संस्था, प्रणाली र राष्ट्रमाथि विश्वास गुमाउन थाल्छ, तब कुनै गोली नचलाईकनै राष्ट्र आत्मसमर्पणको अवस्थामा पुग्छ। यही नै सूचना युद्धको मूल लक्ष्य हो। नागरिकको मन जित्नु, आशा मार्नु र राष्ट्रको भविष्यलाई भित्रैबाट जलाउनु। यस्तो अवस्थामा सजग नागरिक चेतना नै सबैभन्दा ठूलो प्रतिरक्षा कवच बन्छ।

**आन्तरिक प्रहार : आफ्नै हातबाट सार्वभौमिकता कमजोर पारिँदा**

सबै आक्रमण बाहिरबाट हुँदैनन्। इतिहासले देखाएको छ, कहिलेकाहीँ सबैभन्दा घातक प्रहार राष्ट्रको भित्री संरचनाबाटै हुन्छ। जब आफ्नै नागरिकले राष्ट्रिय हितविपरीत सामग्री उत्पादन गर्छन्, जब आफ्नै सञ्चार माध्यमले असत्यलाई सत्यको आवरणमा प्रस्तुत गर्छन् र जब आफ्नै युवापुस्ताले संस्था र प्रणालीमाथि अन्धविश्वास फैलाउन थाल्छन्, त्यही क्षण सार्वभौमिक अधिकार गम्भीर संकटमा पर्छ। यस्तो आन्तरिक भ्रम र अविश्वासले राष्ट्रको आत्मबल कमजोर बनाउँछ, सामाजिक एकता भत्काउँछ र बाह्य हस्तक्षेपका ढोका खुला गरिदिन्छ। त्यसैले राष्ट्र रक्षा केवल सीमामा हुने संघर्ष होइन। आफ्नै सोच, अभिव्यक्ति र व्यवहारमार्फत सार्वभौमिकतालाई जोगाउने सजगतापूर्ण जिम्मेवारी पनि हो।

**अभिव्यक्ति स्वतन्त्रता : अधिकारसँगै दायित्व**

अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आत्मा हो तर त्यो अराजकताको अनुमति पत्र होइन। बोल्न पाइन्छ तर जे मन लाग्यो त्यही बोल्न पाइँदैन। आलोचना गर्न पाइन्छ तर सत्यको आवरणमा भ्रम फैलाउन पाइँदैन। प्रश्न उठाउन पाइन्छ तर राष्ट्र कमजोर पार्ने नियत राख्न पाइँदैन। डिजिटल युगमा स्क्रिन पछाडि बसेर उच्चारित शब्द पनि सार्वजनिक मञ्चमै बोलेको जत्तिकै प्रभावशाली हुन्छ, जसले समाज, संस्था र राष्ट्रलाई गहिरो असर पार्न सक्छ। त्यसैले प्रत्येक अभिव्यक्ति सामाजिक संवेदनशीलता, नैतिक जिम्मेवारी र कानुनी उत्तरदायित्वसँग जोडिएको हुनुपर्छ। अधिकारको उपयोग दायित्वबिनाको स्वेच्छाचारितामा रूपान्तरण भएमा लोकतन्त्र सुदृढ हुँदैन, बरु आत्मघाती बन्छ।

**नियमन र जवाफदेहिता : अब ढिलो गर्न नहुने मोड**

अब राज्य, समाज र सञ्चार क्षेत्र सबैले गम्भीर आत्ममूल्यांकन गर्नैपर्ने निर्णायक मोडमा हामी आइपुगेका छौँ। अभिव्यक्ति स्वतन्त्रताको नाममा फैलँदै गएको अराजकता न लोकतन्त्रको हितमा छ, न राष्ट्रको भविष्यका लागि सुरक्षित। त्यसैले डिजिटल सञ्चार माध्यमका लागि स्पष्ट र व्यवहारिक कानुनी मापदण्ड तय गरिनु अपरिहार्य भइसकेको छ। गलत सूचना, घृणा र भ्रम फैलाउने सामग्रीमाथि कडा निगरानी गर्दै राष्ट्रविरोधी कन्टेन्टबाट आम्दानी गर्ने प्रवृत्तिमा कानुनी कारबाही हुनुपर्छ। दीर्घकालीन समाधानका रूपमा विद्यालय र कलेजमा मिडिया साक्षरतालाई अनिवार्य बनाउँदै तथ्य, आलोचना र भ्रम छुट्याउन सक्ने चेतनशील नागरिक तयार गर्नु आवश्यक छ। यससँगै स्वतन्त्रतामाथि अंकुश होइन, जिम्मेवारीसहितको स्वतन्त्र पत्रकारिताको संरक्षण र प्रवर्द्धन गर्न राज्यले अग्रसर भूमिका खेल्नुपर्छ। किनकि नियमन भनेको सेन्सरशिप होइन। सत्य, नैतिकता र सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्ने लोकतान्त्रिक जवाफदेहिता हो।

**सञ्चारकर्मी र कन्टेन्ट क्रियटरको भूमिका : इतिहासले मूल्यांकन गर्नेछ**

कलम चलाउने, क्यामेरा खोल्ने र माइक समाउने प्रत्येक व्यक्ति केवल सूचना प्रवाहकर्ता मात्र होइन, राष्ट्रको भविष्य निर्माण गर्ने अथवा बिगार्ने निर्णायक पात्र हो। एउटा झुटो शीर्षकले जनमानसमा अविश्वास रोप्न सक्छ, एउटा भ्रामक भिडियोले भीड उक्साउन सक्छ र एउटा अपुष्ट आरोपले समाजलाई द्वन्द्वको आगोमा धकेल्न सक्छ। जुन २०५७ पुस १७ गते रितिक रोसनको अपुस्ट अभिव्यक्तीलाइ लिएर लैनचौर घटनालाइ सम्जिन सक्छौं। डिजिटल युगमा भ्रामक न्युज, शब्द र दृश्यहरूको प्रभाव क्षणभरमै हजारौँ–लाखौँ मनमा पुग्छ, जसको परिणाम दीर्घकालीन र गम्भीर हुन्छ। त्यसैले सञ्चारकर्मी र कन्टेन्ट क्रियटरले बुझ्नैपर्छ, उनीहरूको जिम्मेवारी भ्युज, लाइक वा आम्दानीभन्दा माथि राष्ट्र, समाज र सत्यप्रतिको निष्ठामा निहित छ। इतिहासले भोलि अवश्य प्रश्न गर्नेछ तिमीले राष्ट्र

**जोगायौ कि क्षणिक प्रसिद्धिका लागि भ्युज कमायौ ?**

डिजिटल युगमा राष्ट्र रक्षा अब केवल सेना, सरकार वा कानुनी संयन्त्रको दायित्वमा सीमित छैन। यो जिम्मेवारी नागरिकको विवेक, सञ्चारकर्मीको नैतिकता, युवापुस्ताको चेतना र डिजिटल प्लेटफर्महरूको जवाफदेहितासँग प्रत्यक्ष रूपमा जोडिएको छ। आजको निर्णायक प्रश्न स्पष्ट छ, हामी राष्ट्रिय स्वाभिमान जोगाउने पक्षमा उभिन्छौँ कि लाइक, कमेन्ट र भ्युजको लोभमा त्यो स्वाभिमान साट्ने बाटो रोज्छौँ ? किनकि आधुनिक युगमा राष्ट्रको रक्षा सीमामा खटिएका सुरक्षाकर्मीले मात्र होइन, सूचनाको सत्यता, अभिव्यक्तिको जिम्मेवारी र सामाजिक नैतिकताले पनि निर्धारण गर्छ। त्यसैले अब भ्रम फैलाउने होइन, सत्यलाई प्रवर्द्धन गर्ने, अराजकता उक्साउने होइन, चेतना निर्माण गर्ने दायित्व हामी सबैको हो। राष्ट्रिय स्वाभिमान, सार्वभौम अधिकार र भौगोलिक अखण्डतामाथि भइरहेको डिजिटल आक्रमणप्रति सचेत हुँदै आजै जिम्मेवार नागरिकको भूमिकामा उभिनु नै समयको माग हो। दैनिक नेपालबाट

# जाडोमा हिटर तथा गिजरको प्रयोग गर्दा कसरी सावधानी अपनाउने ?

काठमाडौं, १९ पुस। जाडोयाम शुरु भइसकेको छ। तराईमा शीतसहितको हावाका कारण जीवनयापन कठिन बनिरहेको छ। जाडोयाममा शरीर र कोठालाई न्यानो राख्न आगो ताप्ने, कोइला बाल्ने, हिटर बाल्ने र गिजरको प्रयोग गरिने हुँदा यस्ता उपकरणहरूको प्रयोगमा आवश्यक सावधानी अपनाउन चिकित्सकले अनुरोध गरेका छन्। यी उपकरणहरुको प्रयोगमा सावधानी नअपनाउँदा बर्सेनि ज्यान गुमाउने र अस्पतालमा भर्ना हुने घटनाहरू घटिरहेका छन्। केही दिन अघि मात्र सुर्खेतमा कोइला बालेर सुतेको अवस्थामा एक ३८ दिनको शिशुको ज्यान गएको छ भने परिवारका तीन जना बेहोससमेत भए।



न्यानो बनाउने विभिन्न उपकरणहरूको प्रयोग गर्दा घरमा हावा सञ्चालन प्रणाली राम्रो नभएमा कोठामा 'कार्बन मोनोअक्साइड' जस्तो विषाक्त ग्यास जम्मा हुन सक्छ। यो ग्यास गन्ध, रङ्ग र स्वादरहित हुन्छ जसको सम्पर्कमा लामो समयसम्म रहँदा गम्भीर स्वास्थ्य समस्या हुने वा ज्यान जान सक्दछ। कन्सलटेन्ट जेनेरेल फिजिसियन डा. विवेकराज पौडेल भन्नुहुन्छ, 'आगो, कोइला बल्न, ग्यास गिजर चलान अक्सिजन चाहिन्छ। त्यसले बलेर निक्लिने बाइप्रोडक्ट चाहिँ 'कार्बोन डाइअक्साइड' र कार्बोन मोनोअक्साइड' हो। यी दुवै ग्यास बाहिर वातावरणमा मिसिन्थ्यो भने खासै फरक पर्थेन। बन्द कोठामा अक्सिजन सकिएर यी दुई ग्यास मात्र हुँदा हाम्रो शरीरले त्यो लिन बाध्य हुन्छ।' उहाँका अनुसार यसका कारण मुटुको चालमा गडबड आउने, होसमा नहुने, सास फेर्न नसक्ने, रगतमा समस्या, एसिडको मात्रा बढ्ने जस्ता खालका अवस्थाहरु सिर्जना गर्न सक्छ।

डा. पौडेल ती अवस्थामा फसेकालाई जति सक्दो छिटो उद्धार गरेर बाहिरी वातावरणमा राख्ने र अस्पतालमा 'हाइ फ्लो' अक्सिजनमा राख्नुपर्ने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'घटना थाहा पाइसकेपछि सकेसम्म छिटो उद्धार गर्नुपर्छ जसले गर्दा तत्कालीनका साथै दीर्घकालीन असरबाट बचाउन सकिन्छ। दीर्घकालीनमा कसैकोमा पहिलाको जस्तो चनाखोपन, मानसिक अवस्था छिटो छरितो नहुने र भुल्ने समस्या देखिन सक्ने हुन्छ।'

बर्सेनि यस्ता खालका दुर्घटना बढे पनि सर्वसाधारणहरु अझै यसबारे सचेत हुन नसकेको विज्ञ बताउनुहुन्छ। 'विभिन्न विद्युतीय उपकरणका साथै कोइला बाल्ने, आगो ताप्ने काम गर्नु छ भने बन्द कोठा राम्रो होइन। कोठा तथा बाथरुममा भेन्टिलेशन हुनुपर्छ। सकेसम्म शरीर न्यानो राख्न न्यानो कपडा लगाउने, ओढ्ने चिजहरु प्रयोग गर्नुपर्छ। सुत्नुअघि कोइला निभाएर मात्र सुत्ने। यो मात्र नभइ हरेक सामानको प्रयोग गर्दा बन्द गरेर सुत्नु सबैभन्दा उत्तम उपाय हो', डारुरु. पौडेल सुझाउनुहुन्छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एक सूचना जारी गर्दै जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा निम्न सावधानीहरु अपनाउन आग्रह गरेको छ :

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने।
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नताप्ने।
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराख्ने।
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने।
- हिटरको प्रयोग गर्दा समय–समयमा चलिरहेको हिटरलाई बन्द गर्ने।
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गर्ने।
- गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गर्ने।
- गिजर खोलेर लामो समयसम्म बाथरूममा नबस्ने।
- गिजर प्रयोग गरेर नुहाउँदा सम्भव भएसम्म बाथरूमको झ्याल बन्द नगर्ने।उज्यालो अनलाइनबाट

# उद्योग वाणिज्य संघको आन्दोलनका सबै कार्यक्रम फिर्ता

प्रवीणकुमार शर्मा

रौतहट, १९ पुस। रौतहट सदरमुकाम गौरमा रहेको करदाता सेवा कार्यालय खारेजको विरुद्धमा उद्योग वाणिज्य संघ रौतहटद्वारा जारी आन्दोलनको सबै कार्यक्रम फिर्ता भएको छ। जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषाल र उद्योग वाणिज्य संघका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधिसँगको वार्तामा सहमति जुटेसँगै करदाता सेवा कार्यालय खारेजीविरुद्ध उद्योग वाणिज्य संघ रौतहटले गर्दै आएका आन्दोलनका सबै कार्यक्रम फिर्ता लिने भएको छ।



शुक्रबार जिल्ला प्रशासन कार्यालय रौतहटमा भएको वार्तापछि आन्दोलनका कार्यक्रम फिर्ता लिइएको रौतहट उद्योग वाणिज्य संघका अध्यक्ष रबिन्द्रनाथ गोपालीले बताए। स्थानीय तह र कोष तथा लेखा नियन्त्रक कार्यालयको क्षमता विकास गरी स्थानीय तहबाट गर्न सक्ने तोकिए बमोजिमका कामहरू स्थानीय तहबाट गर्दै जाने, गौरमा आन्तरिक राजस्व कार्यालय स्थापना गर्न रौतहट जिल्लाका सरोकारवालाहरूबाट पहल गर्ने र हाल करदाता सेवा कार्यालयबाट भएका सम्पूर्ण सेवाहरू करदाताको सेवामा समस्या नहुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय र स्थानीय तहको क्षमता विकास नभएसम्म करदाता कार्यालय गौरबाट नै जारी राख्ने गरी अर्थ मन्त्रालयसँग अनुरोध गर्ने भनि लिखित सहमति भएको उद्योग वाणिज्य संघ रौतहटका अध्यक्ष गोपालीले बताए।

वार्तामा जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारि दिनेश सागर भुषाल, जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक रबिन कार्की, नेपाली कम्युनिस्ट पार्टी रौतहटका नेता रेवन्त झा, उद्योग वाणिज्य संघ रौतहटका अध्यक्ष रबिन्द्रनाथ गोपाली, निर्माण व्यावसायी संघ रौतहटका तर्फबाट अरविन्द जयसवाल, नागरिक समाज रौतहटका अध्यक्ष जगन्नाथप्रसाद केशरी लगायत सहभागी भएको थियो।

करदाता सेवा कार्यालय खारेजीको विरुद्धमा विरोध प्रदर्शन, करदाता सेवा कार्यालयको मुलगेटमा धर्ना प्रदर्शनका साथै कार्यालयमा तालाबन्दी लगायतका कार्यक्रम जारी रहेको थियो।

### *असहाय ज्येष्ठ...*

छनोट गरिएका असहाय ज्येष्ठ नागरिकको पहिचान गरी सिरक वितरणका लागि सहजीकरण गरिएको जानकारी दिए। साथै उहाँले केही महिनाभित्रै लहान–१० मा वृद्धाश्रम सञ्चालन गर्ने तयारी भइरहेको पनि जानकारी दिए।

### *सिरहा क्षेत्र ..*

बसेको निर्वाचन क्षेत्रीय समन्वय समितिको बैठकले श्रेष्ठको नाम सर्वसम्मत रूपमा सिफारिस गरेको हो। श्रेष्ठ यसअघि २०७४ र २०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा पनि सिरहा निर्वाचन क्षेत्र नम्बर ३ बाट निर्वाचित भएका थिए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# एमबीबीएस भर्ना भएका पवन देवलाई अध्ययन गर्न चुनौती



महोत्तरी, १९ पुस। मधेशका बस्ती पुछारमा प्रायः विपन्न समुदायको बस्ती हुन्छ। सडकनै आँगन बनेका सानो छाप्रा भएका बस्तीका आफ्नै कथा छन्। विपन्नमध्ये सबैभन्दा पछाडि परेका डोम र मुसहर समुदायका घरमा साँझबिहानकै खाना जुटाउन समस्या छ। मजदुरीको काम नपाएको दिन मुसहर बस्तीका बासिन्दाले भोकै सुत्नु सामान्य जस्तै बनेको छ।

वर्षातमा ओत लाग्न छानोमा प्लास्टिकले टालटुल गरिएका टहरामा हिउँदको कठ्यांग्रिने जाडोबाट जोगिन आगो (घुर) नै सहारा हो। यीनै समस्याको थुप्रोले थिचिएको पिपरा गाउँपालिका–७ दनौलीको पुछारमा रहेको १० परिवार मुसहर बस्तीका २२ वर्षीय पवनदेव माझी पूर्णछात्रवृत्तिमा चिकित्सा शिक्षा ( एमबीबीएस) अध्ययन थालेका छन्।

पवनदेवले मेडिकल अध्ययनका लागि काठमाडौंमा तयारी गर्न दुई लाख रुपैयाँ ऋण लिएको बताउँछिन्। आमा सिर्जना देवी गाउँमै मजदुरी गर्छिन् भने बुवा शिवनारायण माझी वैदेशिक रोजगारीका लागि कतारमा छन्। कतारबाट बुवाले पठाउने पैसाले पढाइ खर्च सम्भव नभएको उनले बताए।

अघिल्लो वर्ष (२०८१) अध्ययनका लागि छात्रवृत्ति पाएर बीडीएस पढ्न नामांकन गराउन काठमाडौं जाँदा एमबीबीएसको तयारी गर्ने निर्णय गरेको पवनदेवले बताए। 'प्रवेश परीक्षाका लागि मेरो तयारी पुगेको थिएन। गाइड गर्ने पनि कोही थिएन। नाइट बसमा काठमाडौं जाँदै गर्दा राम्रो गाइड पाए एमबीबीएसमा नाम निकाल्न सक्छु भन्ने लाग्यो,' उनले भने, 'घरबाट हजारको प्रतिमहिना ३०० रुपैयाँ ब्याजदरमा दुई लाख ऋण लिएर काठमाडौंमा बसेर कोचिङ पढैं। एक वर्षपछि नाम निकाल्न सफल भएँ।'

एमबीबीएस पढ्न पूर्ण छात्रवृत्तिमा नाम निस्केपछि कलेजमा भर्ना हुन मुसहर समुदायका अभियन्ताहरूले चन्दा उठाएर दिएको रकमबाट भर्ना भएको उनले बताए। महोत्तरीको दनौलीसँग जोडिएको धनुषाको गोगलप्रसाद नमूना माध्यमिक विद्यालय बसहियाबाट कक्षा १२ अध्ययन गरेका पवनदेवले तीन पटक प्रवेश परीक्षा दिएर एमबीबीएस पूर्ण छात्रवृत्ति पाएका हुन्।

'पहिलो पटक परीक्षा दिँदा उत्तीर्ण भएँ तर छात्रवृत्ति पाइएन। दोस्रो पटक एमबीबीएसबाहेक बीडीएस, बीपीएचलगायत विषय पढ्न छात्रवृत्ति पाएँ। तर मन एमबीबीएसमै थियो। काठमाडौं बसेर तयारी गरेपछि तेस्रो पटक पूर्ण छात्रवृत्तिमा एमबीबीएस पढ्ने अवसर मिल्यो,' पवनदेवले भने। पूर्ण छात्रवृत्तिमा नाम निकालेर धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना हुन मात्रै ८३ हजार रुपैयाँ खर्च भएको छ। आवत–जावत र भर्नाका लागि आवश्यक रकम चन्दा संकलनबाट जुटे पनि ६ वर्षसम्म पढ्न आर्थिक स्रोत जुटाउनु चुनौतीपूर्ण भएको उनले बताए।

'६ वर्षसम्म लाग्ने खर्चकै कारण डाक्टर बन्ने सपना पूरा हुन्छ कि हुँदैन भन्ने अन्योल छ। होस्टेल, खाना, पाठ्यपुस्तक र व्यक्तिगत खर्च घरपरिवारले धान्न सक्ने अवस्था छैन,' उनले भने। खर्चका विषयमा कलेजका सिनियरहरूसँग छलफल गरिरहेको उनले जानकारी दिए। कतारमा बुवाले खर्च कटाएर पठाउने मासिक २० हजार रुपैयाँले घरपरिवार जसोतसो चलेको छ।

छोरा पवनदेवलाई डाक्टर पढ्न सरकारले आर्थिक सहयोग गर्नुपर्ने आमा सिर्जना देवीको चाहना छ। छोराले पढेका पुराना पाठ्यपुस्तक बोरा र झोलाबाट छानीछानी बेचेर धरान पठाउन भाडा खर्च जुटाउँदैछिन्। 'घरभरि बोरा र झोलामा रहेका किताबमध्ये काम नलाग्ने बेचेर भाडा खर्च निकाल्ने प्रयासमा छु। मजदुरी गरेर एक छाक खाएर पनि पवनदेवलाई पढाएँ। माइती र आफन्तबाट कर्जा लिएको छु। छोरालाई पढाउँदा ऋणको भारी बोकेकी छु,' उनले भनिन्।

मुसहर बस्तीमै बसेर कक्षा १२ सम्म अध्ययन गरी पूर्ण छात्रवृत्तिमा चिकित्सा शिक्षा अध्ययन गर्न सफल भएपछि दनौलीको मुसहर बस्तीमा खुसीयाली छाएको छ। स्थानीयहरूले पवनदेवको प्रशंसा गरिरहेका छन्।

# विपन्न आवास कार्यक्रमबाट पक्की घर पाएपछि दलित परिवार दङ्ग



**मणिलाल विश्वकर्मा**

लहान, १९ पुस। सिरहाको उत्तर पूर्वी भेगमा पर्ने लहान नगरपालिका १७ गोविन्दपुर गाउँको विपन्न परिवारमा जन्मिएका हरि रामले आफ्नो बाल्यकाल झुपडीमै बिताए। मजदुरी गरेर ४५ वर्षको उमेरमा हिंड्दै गर्दासम्म पक्की घरको ओत लाग्ने ठाउँ पाउने कुरा सपना जस्तै थियो, उनका लागि तर जस्ताले छाएको पक्की घर पाएपछि उनीसँगै उनको परिवार पनि दङ्ग छ।

पक्की घर पाएसँगै परिवारमा रहेका श्रीमती, छोरा बुहारी, एक छोरी र नाति नातिनी गरी सात जनाको सिंगो परिवार अचेल दङ्ग छ। वर्षौंदेखि फुसको झुपडीमा गुजारा गर्दै आएको राम परिवारले मधेस प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत पूर्वाधार विकास कार्यालय सिरहाबाट आर्थिक वर्ष २०८१/०८२ को बजेट अन्तर्गत 'विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रम' बाट पक्की घर पाएको हो। 'करिब तीन धुर ऐलानी जग्गामा बनेको फुसको झुपडीमा ओत लागेर हरवा चरवा, कृषि मजदुरीले जीविका चलाउँदै आएका थिएँ' उनले भने 'सरकारी बजेटमा बनेको पक्की घर पाएपछि सपना जस्तै लागिरहेको छ।'

'मजदुरी गरेर आफूसहित सात जनाको हातमुख जोड्नै समस्या झेलिरहेको म जस्तो व्यक्तिले पक्की घर बनाउन सक्ने सामर्थ्य नै थिएन' उनले सुनाए 'त्यस्तो अवस्थामा पक्की घर पाउँदा खुशी नहुने को होला र ?' जग्गाको क्षेत्रफल थोरै हुँदा तोकिएको मापदण्ड अनुसार घर बनाउन नसकेकोमा गुनासो समेत सुनाए, उनले। 'विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रम' अन्तर्गत उक्त आर्थिक वर्षमा सिरहाको औरही गाउँपालिका १, ४ र ५, लहान नगरपालिका ३, ४, १७, धनगढीमाई नगरपालिका ७, लक्ष्मीपुरपतारी गाउँपालिका ३ सहित जिल्लाको अन्य पालिकाहरुमा गरी कुल १७ वटा आवास निर्माण गरिएको पूर्वाधार विकास कार्यालय सिरहाले जनाएको छ।

आवास कार्यक्रम अन्तर्गत उनले शौचालयसहित दुई कोठे जस्ताले छाएको पक्की घर पाएका हुन्। मधेश प्रदेश सरकार मातहत रहेको पूर्वाधार विकास कार्यालयले कुल ५ लाख ३८ हजार रुपैयाँको लागतमा आवास बनाइ दिएको हो। निर्माण थालनी भएपछिको चार महिना ( एक सय बीस दिन) को अवधिमै घर निर्माण सम्पन्न भएपछि परिवारले ठूलो राहत महसुस गरिरहेको उनले सुनाए। आवास निर्माणका लागि हरवा चरवा सशक्तिकरण कार्यक्रम अन्तर्गत गरिएको सहजीकरणले पनि सहज भएको उनको भनाई छ। घर पाएपछि छिमेकीहरुले पनि खुशी व्यक्त गर्दै उनको समन्वय र इमान्दारीताको प्रशंसा गरेका छन्।

पुस्तौंदेखि हरवा चरवा, कृषि मजदूरको रुपमा काम गर्दै आएको राम परिवारले फुसको घर हुँदा हरेक वर्ष मजदुरी गरेर ल्याएको रकम समेत खर्चिएर छाउनु पर्ने, सुत्ने बस्ने ठाउँ नहुँदा छिमेकीको घर, गोठमा आश्रय लिन जानु पर्ने बाध्यता हटेको छ। हरवा चरवा सशक्तिकरण कार्यक्रम अन्तर्गत हरवा चरवाको ज्याला, न्यायिक पुनर्स्थापना, जीविकोपार्जन जस्ता कार्यक्रमहरुमा सहभागिता गराई उनीहरुको हक लागि वकालत गरिँदै आएको थियो।

हरवा चरवा, कृषि बँधुवा मजदूरहरुमाथि भइरहेको श्रम शोषण, अन्याय अत्याचार विरुद्ध दलित जनकल्याण युवा क्लबले परियोजनामार्फत गरेको सहजीकरण र सहयोगका लागि पनि उनले धन्यवाद दिएका छन्। परियोजना अन्तर्गत विभिन्न चरणमा सरोकारवालाहरुसँग गरिएको चरणबद्ध छलफल, संवादले पनि सरोकारवालालाई जिम्मेवार बनाउँदै आवासका लागि नाम छनौट र त्यसपछि निर्माणका लागि दबाब सिर्जना गर्न सम्भव भएको उनले बताए।

'अहिले पनि हरवा चरवा छन् र भन्दै सुन्न र मन नपराउनेहरु पनि अहिले हरवा चरवाका आधारभूत अधिकारसँग सम्बन्धित माग पूरा गर्न थालेका छन्' हरवा चरवा अधिकार मञ्चका जिल्ला अध्यक्ष चलितर मण्डलले भने 'त्यसका लागि हरवा चरवाहरु पनि संस्थाको सहयोग र समन्वयमा अधिकारका लागि निरन्तर वकालत गर्दै आएको छौं।' उनका अनुसार पछिल्लो समय जिल्लामा साझेदार संस्थाका अतिरिक्त जिल्ला र केन्द्रीय मञ्च सम्बद्ध हरवा चरवा अगुवाहरु अधिकारका लागि अभियानात्मक, दबाबमूलक गतिविधिहरु गरिरहेका छन्।

# स्कर्पियो र मोटरसाइकल एकआपसमा जुध्दा एकको मृत्यु



लहान, १९ पुस। पूर्व–पश्चिम हुलाकी सडक अन्तर्गत सिरहको बरियारपट्टी गाउँपालिका– १ नरगी खण्डमा शनिबार बिहान करिब पौने १० बजेतिर भएको दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु भएको छ। बाक्लो कुहिरोको कारणले पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको स. ६ प ८६१ नम्बरको मोटरसाइकल र विपरीत दिशातर्फ जाँदै गरेको बा. प्रदेश ०१०७२ ब ००८२ नम्बरको स्कर्पियो आपसमा ठोक्किँदा मोटरसाइकल नरगी गाउँ घर भएका मोटरसाइकलचालक करिब २३ वर्षीय मो. नदिम अन्सारीको मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार कुहिरोको कारणले आपसमा ठोक्किएपछि स्कर्पियो सडकको मुन्तिर पल्टिएको छ भने मोटरसाइकल दुई टुक्रा भएको छ।

जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार दुर्घटनामा गम्भीर घाइते भएका अन्सारी र मोटरसाइकलपछाडि बसेका करिब २२ वर्षीय सैतुल्ला मियाँलाई तत्काल उद्धार गरी उपचारका लागि अस्पताल पुऱ्याइएको थियो। जिल्ला सदरमुकाम सिराहास्थित हेमनारायण चोकनजिक रहेको सहज अस्पतालमा उपचारका लागि भर्ना गरिएका घाइते अन्सारीको केही समयपछि नै मृत्यु भएको र मियाँको सोही अस्पतालमा उपचार भइरहेको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

दुर्घटनापछि फरार रहेका स्कर्पियोचालकको पहिचान भइसकेकाले खोजी गरी नियन्त्रणमा लिइएपछि थप कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइने जानकारी दिँदै प्रहरीले घटनाको अनुसन्धान भइरहेको जनाएको छ।

# बारामा सईको पेस्तोल हराएपछि खैलाबैला

**अली असगर देवान**

वीरगन्ज, १९ पुस। बारामा नेपाल प्रहरीका अधिकृतको साथबाट सरकारी पेस्तोल गायब भएको घटनाले मधेस प्रदेश प्रहरीमा तरङ्ग ल्याएको छ। प्रहरी नायब निरीक्षक (सई) ले बोकेको ९ एमएमको पेस्तोल रहस्यमय ढंगले हराएपछि घटनाको अनुसन्धान गर्न इलाका प्रहरी कार्यालय कबहीमा कार्यरत प्रहरी टोलीलाई नै प्रदेश प्रहरी कार्यालयमा तानिएको हो। इलाका प्रहरी कार्यालय कबहीका प्रमुखसमेत रहेका सई सोनुकुमार मिश्रको साथबाट हतियार हराएको घटना बाहिरिएलगत्तै मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरले उक्त युनिटमा रहेका सईदेखि कार्यालय सहयोगीसम्मका १२ जना प्रहरीलाई तानेको हो। घटनाको छानबिन र सोधपुछका लागि उनीहरूलाई प्रदेश कार्यालयमा झिकाइएको र कबहीमा भने प्रहरीको अर्को टोली खटाइएको मधेस प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

घटना गत पुस ११ गतेको हो। सई मिश्रले बोकेको पेस्तोल हराएको जानकारी आएपछि प्रदेश प्रहरी प्रमुख डीआईजी गोविन्द थपलियाले एसपी भेष रिजालको नेतृत्वमा चार सदस्यीय छानबिन समिति गठन गरेका थिए। पुस १५ मा गठन भएको उक्त समितिले घटनास्थलको प्रारम्भिक अध्ययन सकेर फर्किएलगत्तै थप अनुसन्धानका लागि त्यहाँ कार्यरत सबै प्रहरीलाई शुक्रबार जनकपुर झिकाएको हो। प्रारम्भिक बयानका क्रममा सई मिश्रले राति गस्ती गर्ने क्रममा पेस्तोल हराएको बताएका छन्। तर, उनले ब्यारेकबाटै हतियार हराएको भन्ने अर्को बयान पनि दिएको र घटनाको विवरण अस्पष्ट रहेकोले स्थिति शंकास्पद देखिएको छानबिन समितिले जनाएको छ।

एसपी रिजाल भन्छन्, 'त्यस बखत इप्रकामा रहेका सबै प्रहरी कर्मचारीलाई शुक्रबार दिउँसो प्रदेश प्रहरी कार्यालयमा झिकाइएको छ। सँग बेग्लाबेग्लै अनुसन्धान सुरु गरिएको छ। दोषी देखिएका सबैलाई त्यहीअनुसार कानुनी कारबाही अगाडि बढाइन्छ।' यसैबिच, प्रहरी स्रोतले भने ड्युटीमा रहेका बेला तस्कर समूहले प्रहरीको हतियार खोसेर लगेको हुन सक्ने आशङ्का गरेको छ। सीमा क्षेत्रमा तस्करहरूको गतिविधि सक्रिय रहने भएकाले लुटपाटको कोणबाट पनि अनुसन्धान अघि बढाएको छ, यद्यपि प्रदेश प्रहरीले यसलाई आधिकारिक रूपमा पुष्टि गरेको छैन।

# हराएका महिला र बालबालिका भारतबाट उद्धार

**लक्ष्मी चौधरी**

जनकपुरधाम, १९ पुस। मानव बेचबिखन तथा ओसार–पसारको जोखिमबिच भारतको बिहार राज्यका विभिन्न सहरबाट उद्धार गरिएका ७ जना नेपाली बालबालिकालाई नेपाल ल्याई परिवारको जिम्मा लगाइएको छ। मानव बेचबिखन तथा ओसारपसार विरुद्ध र अलपत्र परेका बालबालिकाको क्षेत्रमा क्रियाशील संस्था केआईएन इण्डिया, नेपाल प्रहरी र भारतीय सुरक्षा निकायको संयुक्त पहल तथा समन्वयमा ती बालबालिकाको उद्धार गरिएको हो।

उद्धारपछि गत बुधबार प्रदेश प्रहरी कार्यालयमा आयोजित कार्यक्रममा महिला तथा बालबालिकालाई आफन्तको जिम्मा लगाइएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ। मधेश प्रदेश प्रहरीका अनुसार विभिन्न बहानामा भारत लगिएका, घरबाट भागेका वा अलपत्र अवस्थामा फेला परेका ती बालबालिकालाई भारतीय स्थानीय प्रशासनको सहयोगमा बिहार राज्यका विभिन्न स्थानबाट उद्धार गरिएको छ। केआईएन इण्डियाका प्रतिनिधि नविन जोशीका अनुसार मधेशका विभिन्न स्थानबाट भिख माग्न लगाउने, बालश्रममा प्रयोग गर्ने तथा झुट्ठे विवाह गराउने उद्देश्यले भारत पुऱ्याइएको अवस्थामा फेला परेका बालबालिकालाई भारतका स्थानीय प्रहरीसँगको समन्वय, नेपाली राजदूतावास तथा विभिन्न संघ संस्थाको सहयोगमा उद्धार गरी मधेश प्रदेश प्रहरी कार्यालयमा ल्याइएको हो। मधेश प्रदेश प्रहरी प्रमुख गोविन्द थपलियाका अनुसार उद्धारपछि बालबालिकालाई परिवारको जिम्मा लगाइए पनि उनीहरूको पालनपोषण र शिक्षादिक्षा कसरी सुनिश्चित गर्ने भन्ने विषयमा सरोकारवाला निकाय, समाज र घरपरिवारले ध्यान दिनुपर्ने आवश्यकता रहेको बताए। यसअघि पनि केआईएन इण्डियाको टोलीले मधेश मात्र नभई नेपालको विभिन्न स्थानबाट हराएका, मधेशको भूभाग हुँदै भारतका विभिन्न सहरमा पुगेका वा बन्धक बनाई काममा लगाइएका नेपालीहरूको उद्धार गरी सुरक्षित रूपमा नेपाल फर्काउने कार्य गर्दैआएको छ। उक्त संस्थाले नेपाल प्रहरी तथा भारतीय सुरक्षा निकायसँगको समन्वयमा मानव बेचबिखनविरुद्ध निरन्तर अभियान सञ्चालन गर्दैआएको जनाएको छ।

**मधेश बढी जोखिममा**

पछिल्ला वर्षहरूमा मधेश प्रदेशबाट महिला तथा बालिका हराउने घटना गम्भीर सामाजिक समस्याका रूपमा देखिँदैआएको छ। प्रदेश प्रहरी कार्यालय मधेशले सार्वजनिक गरेको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९–८० देखि २०८१–८२ को मङ्सिर मसान्तसम्म हराएका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमध्ये महिला र बालिका सबैभन्दा बढी प्रभावित भएका छन्।

चालु आर्थिक वर्ष २०८२–८३ को मङ्सिर मसान्तसम्म मधेशका आठवटै जिल्लाबाट १ हजार ३१० जना हराएकामध्ये१ हजार१९३ जना महिला तथा बालिका रहेका छन्। यस अवधिमा ३६० जना फेला परेका छन् भने ९५० जना अझै सम्पर्कविहीन छन्। बालक ९६ जना र ज्येष्ठ नागरिक २१ जना रहेको प्रहरी तथ्यांकले देखाएको छ। यस्तै सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा महिला तथा बालिका हराउने र फेला पारिने संख्या तुलनात्मक रूपमा बढी देखिएको छ। यसैगरी मधेश प्रहरीको त्रिवर्षीय तथ्यांकअनुसार आर्थिक वर्ष २०८१–८२ मा मधेशबाट ३ हजार ३१३ जना हराएकामध्ये २ हजार ९९५ जना फेला परे भने ३२८ जना अझै बेपत्ता छन्। यस्तै, २०८०–८१ मा २ हजार ५९३ जनामध्ये २ हजार १८८ जना फेला परेका थिए भने ४०५ जना अझै फेला परेका छैनन्। आर्थिक वर्ष २०७९–८० मा २ हजार ५१२ जना हराएकामध्ये २ हजार ५ जना फेला परे पनि ५०७ जना अझै बेपत्ता छन्। नेपालबाट हराएका महिला तथा बालबालिका भारतमा फेला पर्ने क्रम अझै पनि जारी रहनुले मानव बेचबिखन तथा ओसार–पसारको जोखिम गम्भीर रूपमा कायम रहेको प्रष्ट्याउँछ।

सीमा क्षेत्रमा प्रभावकारी निगरानी, सरोकारवाला निकायबिच सशक्त समन्वय, समुदायस्तरको सचेतना अभिवृद्धि तथा बालबालिकाको शिक्षा र संरक्षण सुनिश्चित नगरेसम्म यस्तो समस्या अन्त्य हुन कठिन देखिन्छ। राज्य, समाज र परिवार सबैले साझा जिम्मेवारीका रूपमा यस विषयलाई लिन अति नै आवश्यक छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा.–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)